Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD: 2057
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: ३१४ | वि.सं. २०८२ फागुन २२ शुक्रवार | नेपाल संवत: ११४५, चैत्र कृष्णपक्ष तृतीया | Friday 6 March 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### उत्साह कम उत्सुकता बढीको निर्वाचन

# कर्णालीमा खस्यो ५५ प्रतिशत भोट

**यस पटकको निर्वाचनमा मतदाताहरु कम उत्साह र बढी उत्सुकताका साथ मतदानमा सहभागी भएका छन् । मतदान अवधिभर सुर्खेत-२ का दर्जन बढी मतदान स्थलमा गरिएको स्थलगत रिपोर्टिंका क्रममा मतपेटिकामा भोट खसालेर फर्किएकाहरु उत्साहितभन्दा पनि भोली के हुन्छ भन्ने उत्सुकतामा बढी देखिन्थेँ । उनीहरुले विगतमा पनि भोट हालेको सुनाए । तर देशमा विकास भएको तर सुशासन कायम नभएकाले यसपटक पनि ठुलै परिवर्तन हुनेमा मतदाता आश्वस्त देखिएनन् ।**

**ओम शाही**
**सुर्खेत, २१ फागुन ।**

कर्णाली प्रदेशमा प्रतिनिधिसभा सदस्य चयनका लागि बिहिबार बिहान ७ बजेबाट सुरु भएको मतदान शान्तिपूर्ण तबरबाट सम्पन्न भएको छ । २३-२४ भदौको जेन-जी आन्दोलनपछि उत्पन्न राजनीतिक गतिरोधका बीच २०८४ मा हुनुपर्ने निर्वाचन दुई वर्ष अगावै सम्पन्न भएको छ । सामाजिक सञ्जालमाथिको प्रतिवन्धको विरोधमा उठेको जेन-जी समूहको आवाजलाई सरकारले दवाउन खोजेपछि देश मध्यावधिक निर्वाचनमा धकेलिएको थियो ।

उक्त आन्दोलनपछि जेन-जीको भावना अनुरुप प्रतिनिधिसभा विघटन गरेर पूर्वप्रधानन्याधिस सुशीला कार्की नेतृत्वमा अन्तिरिम सरकार गठन भएको थियो । कार्की नेतृत्वको सरकारलाई ताजा जनादेशसहित प्रतिनिधिसभा सदस्यको निर्वाचन गराउने म्याण्डेट थियो । आन्दोलनपछि उत्पन्न परिस्थितीमा निर्वाचन हुने वा नहुने अन्यौलताका बीच एकाध ठाउँ बाहेक सम्पूर्ण क्षेत्रमा शान्तिपूर्ण रुपमा चुनाव गराउन सरकार सफल भएको छ ।

बाँकी ३ पेजमा




## कुन जिल्लामा कति खस्यो मत ?

कर्णाली प्रदेशका कुल मतदातामध्ये पाँच लाख २७ हजार ६ सय ८६ पुरुष, पाँच लाख नौ हजार तीन सय ६१ महिला र अन्य तीन जना थिए । गत २०७९ को निर्वाचनको तुलनामा एक लाख २८ हजार आठ सय १७ मतदाता थपिएका छन् । तर कुल खसेको मत प्रतिशत भने अघिल्लो निर्वाचन भन्दा कम छ ।

जिल्लागत रूपमा सबैभन्दा बढी मतदाता सुर्खेतमा दुई लाख ४८ हजार नौ सय ४३ थिए । जसमा सुर्खेत निर्वाचन क्षेत्र १ का कुल मतादाता संख्या एक लाख २२ हजार नौ सय दुई रहेकोमा कुल खसेको मत ७० हजार एक सय ६७ रहेको छ । यस्तै सुर्खेत निर्वाचन क्षेत्र २ का कुल मतादाता एक लाख २७ हजार ६ सय ६८ मा कुल खसेको मत ७३ हजार तीन सय ५६ छ । त्यस्तै, दैलेख

बाँकी ४ पेजमा

## सुर्खेतमा करिब ५४ प्रतिशत मत खस्यो

सुर्खेतमा करिब ५४ प्रतिशत मत खसेको छ । जिल्लाको क्षेत्र नम्बर १ मा ६५ हजार ३७१ मत खसेकोमा क्षेत्र नम्बर २ मा ७१ हजार ३४५ मत खसेको हो । जिल्लामा दुई लाख

बाँकी ४ पेजमा

## कहिले सुरु हुन्छ कर्णालीमा मतगणना ?

मतदान सम्पन्न भएसँगै कर्णालीका १० जिल्लाका १२ निर्वाचन क्षेत्रका मतपेटिका संकलन कार्य सुरु भएको प्रहरीले जनाएको छ । कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी नायव महानिरीक्षक जयराज सापकोटाले शान्तिपूर्ण तवरबाट मतदान

बाँकी ३ पेजमा

## सुदूरपश्चिममा ५१ प्रतिशत मत खस्यो, कञ्चनपुरमा सबैभन्दा बढी

**युग संवाददाता**
**कैलाली, २१ फागुन ।**

प्रदेश निर्वाचन आयोगले सार्वजनिक गरेको तथ्यांकअनुसार सुदूरपश्चिम प्रदेशभर कुल ५० दशमलव ९ प्रतिशत मत खसेको छ । प्रदेशका ९ वटा जिल्लामा रहेका कुल १७ लाख १६ हजार ६ सय ६० मतदाता मध्ये ८ लाख ७४ हजार १ सय ७७ जनाले आफ्नो मताधिकार प्रयोग गरेका छन् ।

तथ्यांकअनुसार कञ्चनपुरमा सबैभन्दा बढी मतदान भएको छ । त्यहाँ ५८.६ प्रतिशत मत खसेको छ । ३ लाख १४ हजार ३ सय ८५ मतदातामध्ये १ लाख ८४ हजार ३ सय १६ जनाले मतदान गरेका छन् । त्यसैगरी सबैभन्दा कम मतदान अछाम जिल्लामा ३९.२ प्रतिशत भएको छ । त्यहाँ १ लाख ६५ हजार ३ सय ३७ मतदाता रहेकोमा ६४ हजार ७ सय ८० जनाले मतदान गरेका छन् ।

सबैभन्दा धेरै मतदाता सङ्ख्या रहेको कैलाली जिल्लामा ५५.४ प्रतिशत मतदान भएको छ । यहाँ ५ लाख ५१ हजार ५२ जना मतदाता रहेकोमा ३ लाख ५ हजार १ सय २२ जनाले मत दिएका छन् । त्यस्तै दार्चुलामा ९२ हजार ९ सय ४८ मतदाता रहेकोमा ४९ हजार ९ सय ६८ जनाले मतदान गरेका छन् । यहाँ कुल मतदाताको ५३.८ प्रतिशत मत खसेको छ ।

त्यस्तै बाजुरामा ८७ हजार ८ सय ६१ मतदाता रहेकोमा ४६ हजार २ सय ३२ जनाले भोट दिएका छन् । यहाँ ५२ ।६ प्रतिशत मत खसेको तथ्यांक छ । डडेलधुरामा ४९.२ प्रतिशत मत खसेको छ । यहाँ कुल मतदाता संख्या ९३ लाख ४ सय ३ रहेकोमा ४५ हजार ९ सय ९ जनाले मतदान गरेको प्रदेश निर्वाचन कार्यालयका प्रमुख प्रेमराज भट्टले जानकारी दिए ।

त्यस्तै तथ्यांकअनुसार बैतडीमा ४६.८ प्रतिशत मत खसेको छ । यहाँ कुलमतदाता संख्या १ लाख ५६ हजार ३ सय ७२ मतदाता रहेकोमा ७३ हजार १ सय ४८ जनाले भोट दिएका छन् । बझाङमा ४१.१ प्रतिशत मत खसेको छ । यहाँ १ लाख २६ हजार ९ सय ३ मतदाता रहेकोमा ५२ हजार २ सय १७ जनाले मतदान गरेका छन् ।

डोटीमा ४०.९ प्रतिशत मत खसेको विवरणमा उल्लेख छ । डोटी जिल्लामा १ लाख २८ हजार ३ सय ९९ मतदाता रहेकोमा ५२ हजार ४ सय ८५ जनाले मतदान गरेको जनाइएको छ । प्रदेशमा तराईका जिल्लाहरूमा पहाडी जिल्लाको तुलनामा मतदान प्रतिशत केही बढी देखिएको छ ।






## सम्पादकीय....

# अन्योलबीचको सार्थक निकास !

नेपालको राजनीतिक इतिहाँसमा भदौ २३-२४ को जेन-जी आन्दोलन एउटा यस्तो मोड थियो, जसले राज्यसत्ता र नागरिकबीचको खाडललाई छताछुल्ल पारिदिएको थियो। युवा पुस्ताको त्यो तीव्र आक्रोश र व्यवस्था परिवर्तनप्रतिको हुटहुटीपछि देश कता जान्छ भन्ने जुन संशय पैदा भएको थियो, बिहिबार सम्पन्न प्रतिनिधिसभा निर्वाचनले त्यसलाई एउटा संवैधानिक निकास दिएको छ। निर्वाचन सफल हुनु आफैँमा लोकतन्त्रको जित हो। अनेकन् सुरक्षा चुनौती, सामाजिक सञ्जालको दबाब र आम नागरिकमा व्याप्त उत्साहभन्दा बढीको उत्सुकताका बीच सरकारले जुन कुशलताका साथ निर्वाचन सम्पन्न गरायो, त्यो पक्कै पनि प्रशंसायोग्य छ। निर्वाहमुखी राजनीति र पुराना अनुहारप्रतिको वितृष्णाका बीच सम्पन्न यस निर्वाचनको परिणामले देशलाई कता लैजाला भन्ने अन्योल अझै मेटिएको छैन। निर्वाचनको प्रारम्भिक रुझान र परिणामले कुनै एक दलको स्पष्ट बहुमतभन्दा पनि मिश्रित स्वरूपको तस्बिर देखाएको छ। यसले फेरि पनि सत्ता समीकरणको फोहोरी खेल दोहोरिने हो कि भन्ने आशंका जन्माउनु स्वाभाविक छ। तर अब बन्ने सरकारले के बुझ्न जरुरी छ भने–यो निर्वाचन केवल प्रतिनिधि छान्नका लागि मात्र थिएन, यो त वर्षौंदेखिको राजनीतिक अस्थिरता अन्त्य गर्ने अन्तिम मौका पनि हो।

नागरिकहरू अब गठबन्धन र भागबन्डाको गणितमा अल्झिने सरकार होइन, डेलिभरी दिने सरकार चाहन्छन्। जेन-जी आन्दोलनले सडकबाट दिएको सन्देश स्पष्ट थियो– पुराना ढर्राका कार्यशैली अब स्वीकार्य हुने छैनन्। यदि अब बन्ने सरकारले पनि राजनीतिक लुछाचुँडीमै समय खेर फाल्यो भने, अहिले देखिएको यो संवैधानिक शान्ति पुनः सडक विद्रोहमा परिणत हुन बेर लाग्ने छैन। निर्वाचन सफल बनाउनु सरकारको एउटा सफलता हो, तर वास्तविक परीक्षा अब सुरु हुँदैछ। नयाँ सरकारका सामु मुख्य तीन वटा चुनौतीहरू पहाड बनेर उभिएका छन्। थला परेको अर्थतन्त्रलाई गति दिनु र युवाहरूमा रहेको बेरोजगारीको पीडालाई सम्बोधन गर्नु आगामी चुनौती हुनेछन्। भ्रष्टाचारका पुराना फाइलहरू खोल्दै राज्यका निकायहरूमा नागरिकको भरोसा पुनःस्थापित गर्नु, सडकको आवेगलाई संसदको विवेकले सम्बोधन गर्दै संविधानको पूर्ण कार्यान्वयन आगामी दिनमा कसरी हुन्छन्, त्यो हेर्न बाँकी छ।

जेन-जी आन्दोलपनपछि देशमा निम्तिएको अन्यौलताका बीच प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले चुनाव सफल बनाउन खेलेको भुमिका उच्च प्रशंसायोग्य छ। यसमानेमा सरकारलाई धन्यवाद दिनैपर्छ। निर्वाचनले देशलाई अन्योलको भुमरीबाट निकालेर एउटा थलोमा ल्याइपुऱ्याएको छ। भदौको त्यो आन्दोलनले उब्जाएका प्रश्नहरूको उत्तर अब बन्ने संसद र सरकारले दिनुपर्नेछ। नागरिकले आफ्नो कर्तव्य पूरा गरेका छन् अब पालो राजनीतिक दलहरूको हो। सत्ताको जोडघटाउ भन्दा माथी उठेर मुलुकको हितलाई केन्द्रमा राख्न सके मात्र यो निर्वाचनको वास्तविक सान्दर्भिकता पुष्टि हुनेछ। अन्यथा, निर्वाचन केवल प्रक्रियामा मात्र सीमित हुनेछ र नागरिकको निराशा फेरि अर्को विद्रोहको कारक बन्न सक्छ।

## विश्व

# इरानद्वारा खामेनीको अन्त्येष्टि कार्यक्रम स्थगित

**तेहरान, २१ फागुन ।**
इरानको तस्निम समाचार एजेन्सीले इरानका दिवंगत सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको सम्झनामा आयोजना हुने समारोह स्थगित गरिएको जनाएको छ। तस्निमले एक अधिकारीलाई उद्धृत गर्दै ढिलाइका लागि समारोह व्यवस्थासम्बन्धी समस्यालाई उद्धृत गरेको छ। विशेषतः विभिन्न प्रान्तका मानिसहरूबाट समारोहमा उपस्थित हुन अनुरोध आएकाले पनि केही पछि सारिएको जनाइएको छ।

खामेनीको अन्त्येष्टि समारोहको व्यवस्थापन चलिरहेको र त्यसमा ठुलो भिड आउने अपेक्षा गरिएको तस्निमले जनाएको छ। यसअघि सन् १९८९ मा पहिलो सर्वोच्च नेता आयातोल्लाह रुहोल्लाह खोमेनीको अन्त्येष्टिमा लगभग एक करोड मानिसहरू उपस्थित भएका थिए। इरानको 'इस्लामिक प्रचार परिषद्'का प्रमुख होज्जतोलेस्लाम महमुदीले बुधबार राति १० बजेबाट अन्त्येष्टि समारोह सुरु हुने र तीन दिनसम्म जारी रहने बताएका थिए। तर, त्यसको केही घण्टापछि समारोह स्थगित गरिएको छ।

८६ वर्षीय खामेनी शनिबार भएको इजरायली आक्रमणमा मारिएका थिए। उनी १९८९ मा इस्लामिक गणतन्त्रको शासनको जग हालको पहिलो सर्वोच्च नेता खामेनीको मृत्युदेखि इरानको सर्वोच्च नेता थिए। इरानमा सर्वोच्च नेताले सरकारका सबै शाखा, सेना र न्यायपालिकामाथि परम अधिकार राख्छन्। साथै, उनी देशको आध्यात्मिक नेताको रूपमा पनि काम गर्छन्।

# चीनको आर्थिक वृद्धिदर ४.५-५ प्रतिशत हुने प्रक्षेपण

**काठमाडौँ, २१ फागुन ।**
चीनले सन् २०२६ का लागि आर्थिक वृद्धिदर ४.५-५ प्रतिशत हुने प्रक्षेपण गरेको छ। सन् १९९१ पछिको सबैभन्दा न्यून आर्थिक वृद्धि लक्ष्य हो। चीनले स्वदेश र विदेश दुवैतिरका चुनौतीहरूसँग जुधिरहेका बेला आफ्नो वार्षिक आर्थिक वृद्धिको लक्ष्य घटाएर ४.५ प्रतिशत देखि ५ प्रतिशतको दायरामा झारेको हो।

प्रधानमन्त्री ली किआङले बिहीबार राष्ट्रिय जन काङ्ग्रेसको वार्षिक बैठकको उद्घाटन सत्रमा १५ औं पञ्चवर्षीय योजनाका केही विवरणहरू पनि सार्वजनिक गरिएको छ। सोही बैठकमा सन् २०२६ का लागि कुल गार्हस्थ उत्पादनको लक्ष्य ४.५ देखि ५ प्रतिशत राखेको हो। सन् २०२५ मा यो लक्ष्य ५ प्रतिशत थियो।

घटाइएको यो आर्थिक वृद्धिदरले चीनको आर्थिक सुस्ततालाई प्रतिबिम्बित गर्ने समेत अलजजिरामा उल्लेख छ। कुनै समय चीनको कुल गार्हस्थ्य उत्पादनमा घरजग्गा क्षेत्रको योगदान २५ देखि ३० प्रतिशतसम्म रहन्थ्यो। अहिले घरजग्गा क्षेत्रको पतनकै कारण आर्थिक सुस्तता आएको बताइएको छ।

# पहिलो संसदीय चुनाव गराउने ती दुई सुवर्ण



✍ **डा. जगत नेपाल**

नेपालमा निर्वाचन प्रणालीको विकास गरी संसदीय प्रजातन्त्रको जग बसाउन सुवर्णशमशेर राणाको ठूलो योगदान छ। मुलुकमा पहिलो (२०१५) पटक संसदीय निर्वाचन हुँदाका बखत चुनावी मन्त्रिपरिषद्को अध्यक्ष र प्रमुख निर्वाचन आयुक्त थिए सुवर्णशमशेर राणा। एउटै नाम भए पनि ती दुई महापुरुष थिए।

मन्त्रिपरिषद्का अध्यक्ष सुवर्ण नेपाली कांग्रेसका नेता थिए भने प्रमुख निर्वाचन आयुक्त नेपालको पहिलो लिखित संविधानका आधारमा गठन गरिएको राणाकालीन संसदको निर्वाचन गराउने प्रमुख व्यक्ति पनि थिए। सात/आठ वर्षअघिसम्म यो तथ्यबारे म पनि अनभिज्ञ थिएँ। २०७७ सालताकाको कुरा हो, मुलुक कोराना महामारीले थिलोथिलो भएको थियो। नेपालको राजनीतिक इतिहासका महत्त्वपूर्ण घटनाक्रमका साक्षी धेरै पाका व्यक्तिहरूको त्यही घटना मृत्यु भयो। उनीहरूका अनुभवलाई भावी पुस्ताको नासोका रूपमा संरक्षण गर्न सकिएन भन्ने चिन्ता लागिरहन्थ्यो।

यही विषयमा छलफल भैरहँदा अतुल कोइराला, मानबहादुर थापा र मैले सामाजिक दूरी कायम गरेरै कैयौँ त्यस्ता ऐतिहासिक पात्रहरूको भिडियो अन्तर्वार्ता लियौँ, जसमा राष्ट्रकवि माधवप्रसाद घिमिरे, नेपाल राष्ट्र बैंकका प्रथम गभर्नर हिमालयशमशेर राणा, वामपन्थी नेताहरू कमल कोइराला, विष्णुबहादुर मानन्धरलगायत हुनुहन्थ्यो।

यही क्रममा एक दिन पूर्वराज्यमन्त्री उदयशमशेर राणाले फोन गर्नुभयो- 'जगतजी, कोभिडको उपयोग गरेर तपाईंको पुस्तक 'पहिलो संसद : बीपी-महेन्द्र टकराव' पढ्ने मौका पाएँ। मलाई अंग्रेजी पढ्न सहज लाग्छ। नेपाली भएकाले तपाईंको किताब पल्टाएको थिइनँ। अहिले पढेँ। रोचक लाग्यो। पहिलो संसदमा विपक्षी दलको नेता रहनुभएका मेरा ठूलो बुवा भरतशमशेरका धेरै सूचना तपाईंले पाउनु भएनछ। त्यतिबेलाको राजनीतिका जानकार अर्का ठूलाबा जगदीशशमशेर जीवित रहनु भएन। हाम्रो परिवारका त्यो पुस्तामा मेरो बुवा सागर शमशेर मात्र बाँकी हुनुहुन्छ, उहाँको अन्तर्वार्ता गर्नुस्।'

उहाँले नै बुवासँग समय मिलाएर आफ्नो सानेपास्थित निवासमा बोलाउनुभयो। हामीले सागरशमशेरसँग लामो अन्तर्वार्ता लियौँ।

राणाले रोचक ढंगले सुनाए- 'हामी बबरमहलमा बस्थ्यौँ। मेरो हजुरबुवा बबरशमशेर अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेरपछि प्रधानमन्त्री हुने रोलक्रममा हुनुहुन्थ्यो। २००७ सालमा राणा शासनविरुद्ध नेपाली कांग्रेसले सशस्त्र क्रान्ति सुरु गऱ्यो। परिवारका ठूला बढाहरू कांग्रेसीलाई राक्षस भन्थे। मान्छे होइनन् ती, राक्षस हुन् भनेको सुनिन्थ्यो। ती दिन हामी बबरमहलमा थियौँ। केटाकेटी भएकाले सिंहदरबार जानु पर्दैनथ्यो।

राणा परिवारका केटाकेटीले १६ वर्ष पुगेपछि मात्र पाउमा दाम राखेर सिंहदरबारभित्र श्री ३ को दर्शन पाउँथे। घरमा बाजे र बुवाहरूबीच खासखुस कुरा हुन्थ्यो। कांग्रेसीको शक्ति कति छ भन्ने विषयमा खुब चर्चा चलेको सुनिथ्यो। केटाकेटी भएकाले हजुरबा र बाहरू हामीसँग कांग्रेस र उसको आन्दोलनबारे हाम्राअघि खुलेर कुरा गर्दैनथे। तिनताका राणा परिवारमा कांग्रेसीलाई 'दानव' भनेर चिनिन्थ्यो।

यो त्यही समयको कुरा हो, जति बेला कांग्रेसको मुक्ति सेनाले वीरगञ्ज, विराटनगरलगायत देशका प्रमुख भागमा सशस्त्र आक्रमण गरेपछि सागरले हेर्दाहेर्दै राणा वंशको जहाँनियाँ शासन सत्ता गयो। अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेरको अध्यक्षतामा कांग्रेससहितको संयुक्त सरकार बन्यो। सागरका हजुरबुवा बबरशमशेर रक्षामन्त्री भए। संयुक्त सरकार भएकाले राणाबाट प्रधानमन्त्री भएपछि कांग्रेस नेता गृहमन्त्री विश्वेश्वरप्रसाद कोइराला स्वाभाविक रूपमा दोस्रो वरीयताको मन्त्रीका लागि दाबेदार थिए। तर, प्रधानमन्त्रीको रोलक्रममा रहेका बबरशमशेरलाई बीपीपछिको मर्यादाक्रममा बस्न सकस भयो।

अनि मन्त्रिपरिषद्को एउटा बैठकमा भाग लिएर राजीनामा दिने सर्तमा उनी दोस्रो वरीयताको मन्त्री बने। मन्त्रिपरिषद्को एउटा बैठकमा सहभागी भए। त्यसपछि पदबाट राजीनामा गरे। अनि एउटा चार्टर विमानमा सामान र परिवारका सबै सदस्यलाई राखेर बबरशमशेरले देश छोडिदिए।

सागरले सुनाए, 'मलाई अझै याद छ, हामी जहाजको भुईंमा बसेर उडेका थियौँ। त्यसपछि भारतमै बस्न थाल्यौँ। यसबीच काठमाडौंमा ठूलो घटना भयो। शान्ति सुरक्षा भड्काएको आरोपमा गहमन्त्री बीपीको आदेशमा मेरो दाइ भरतशमशेरलाई थुनिएको थियो। पछि हाम्रा समर्थकले पुलिस चौकी घेरेर उहाँलाई छुटाए। त्यो भिड गृहमन्त्रीको निवास (त्रिपुरेश्वर) तिर लाग्यो। बीपी निवासमा तोडफोड गर्नुका साथै उहाँमाथि पनि आक्रमणको प्रयास भएछ। हुन त त्यो प्रकरणमा दाइ आफैँ सहभागी हुनुहुन्थेन। उनको समर्थनमा भएका व्यक्तिहरूको आक्रोशको परिणाम थियो त्यो।'

त्यो प्रकरणमा सागरका दाइ भरतशमशेर फेरि थुनामा परे। त्यसको केही समयपछिको कुरा हो। गृहमन्त्री कामको सिलसिलामा भारत पुगेका थिए। उनले खबर पठाए- 'म बबरशमशेरलाई भेट्न चाहन्छु। बम्बई आउँदै छु।'

सागरले लेखकलाई सुनाएका थिए, 'सुरुमा त त्यो दानवलाई भेट्न हुँदैन भनेर घरका ठूला बडाहरूबीच गाइँगुइँ चलेको सुनिन्थ्यो। पछि के कुरा भयो कुन्नि, बीपीलाई भेट्ने कुरा भएछ।'

त्यसपछि बीपी बबरशमशेरको निवास बम्बई पुगे। बीपीलाई आक्रमण (खुकुरी दल काण्ड) गरेको आरोपमा सागरका दाजु भरतशमशेर जेलमै थिए। त्यतिबेलासम्म बीपी मानिस होइन, राक्षस हो भन्ने परेको थियो सागरसहित राणा परिवारका केटाकेटीलाई। सागरले लेखकलाई सुनाए- नेपाली कांग्रेस र त्यसका नेता कोइराला भनेपछि त हामी उनी कुनै राक्षसको रूप हो कि हाउगुजी हो भन्ने सोच्थ्यौँ। उनलाई सशरीर त कहिल्यै देखेको पनि होइन।

सागरले भने, 'मलाई त्यो दिन अझै याद छ- बीपी टकटक हिँडेरै हाम्रो घरको ठूलो हलमा छिर्नुभयो। बाजे माथि हुनुहुन्थ्यो। भित्र पस्दा उहाँको हँसिलो अनुहार अझै सम्झन्छु। आमा र हामी थियौँ। एकातिर पुरुष, अर्कोतिर महिला। बीपी भित्र पस्नुभयो। पातलो अग्लो, कस्तो आकर्षक व्यक्तित्व बीपीको।

म त अचम्मै भएँ। त्यस्तो राम्रो गोरो। हिस्सी परेको। यता हेरेर हाँस्ने। उता हेरेर हाँस्ने। राक्षस भनेको मान्छे त...। बीपीले मेरी आमालाई भन्नुभयो, 'रानी साहेब नमस्ते, अहिले तपाईंको छोरा जेलमा हुनुहुन्छ। राजनीतिमा यस्तो हुँदो रहेछ। तर, हजुरले चिन्ता गर्नु पर्दैन। म हुँदासम्म तपाईंका छोरालाई राम्रोसँग राख्छु। त्यसपछि बाजेलाई भेट्नुभयो। त्यसै दिनदेखि बीपीसँग म प्रभावित भएँ। पछि कांग्रेसमा लागेपछि मेरो आदर्श उहाँ नै हो।'

यसरी भारत गएका बबरशमशेर त्यसपछि यतै बस्ने गरी नेपाल फर्किएनन्।

सागर शमशेरसँगको लामो अन्तर्वार्ता सकिएपछि उदयले भने, 'जगतजी तपाईंको किताबमा २०१५ सालको चुनाव गराउने प्रमुख निर्वाचन आयुक्त सुवर्ण शमशेरका बारेमा पनि अलिकति कम सूचना भएजस्तो लाग्यो। उहाँकी छोरी ज्योत्सना राणा थापा हुनुहुन्छ। भेट्नुस्, केही नयाँ कुरा थाहा पाउनुहुन्छ कि!'

हाम्रो टोली थापाको महाराजगञ्ज बाँसबारीस्थित घरमा पुग्यो। तर, उनलाई पनि आफ्ना पिताका बारेमा खासै जानकारी रहेनछ। थापाले भनिन्, 'म सानै थिएँ। त्यसबेलाका घटना खासै थाहा छैन। मेरा दाइलाई थाहा छ कि बोलाउँछु।'

एक घन्टाजति कुरेपछि उनका दाइ आइपुगे। धेरैजसो भारतमै बस्ने उनी भर्खरै काठमाडौं आएका रहेछन्। तर, तिनलाई पनि आफ्ना बुबाका बारेमा देशकै पहिलो संसदीय चुनाव गराउने प्रमुख निर्वाचन आयुक्त भन्नेबाहेक खासै थाहा रहेनछ। धेरैतिर फोन लगाएपछि उनले भने, 'गृष्मबहादुर देवकोटाको पुस्तक 'नेपालको राजनीतिक दर्पण' पढ्नुस्, बुबाका बारेमा थाहा हुन्छ।'

मैले भनेँ, 'त्यसमा भएको देखिबाहेक अरु थप जानकारी पाइएला कि भन्ने अपेक्षा लिएर म यहाँ आएको हुँ।'

दिनभरको प्रयासमा सुवर्ण शमशेरको वैयक्तिक विवरण (बायोडाटा) र केही तस्वीरबाहेक सूचना पाउन सकिनँ। बेलुका घर आएपछि सामाजिक सञ्जालमा एउटा तस्वीर पोस्ट गरेँ। त्यसमा लेखेको थिएँ, 'यी मान्छे को होलान्? खोजी गर्दै छु। कृपया, यिनका बारेमा जानकारी भए पाऊँ। आभारी हुनेछु।'

साँझ त्रिभुवन विश्वविद्यालय राजनीतिशास्त्र विभागका एक प्राध्यापकले सोधे, 'होइन, तपाईंले राखेको तस्वीर कसको हो?'

मैले भनेँ, 'सुवर्णशमशेर राणाको।'

मैले सोधेँ, 'चिन्नुहुन्छ?'

उनले तत्काल जवाफ दिए, 'किन नचिन्नु? मैले उहाँकै बारेमा पढाइरहेको छु। सुवर्ण उनै व्यक्ति हुन्, जसले २००७ सालको क्रान्तिका लागि आफ्नो धेरै सम्पत्ति खर्चिए। नेपाली कांग्रेसका संस्थापक नेता, उनैको अध्यक्षतामा गठित सरकारले २०१५ सालमा पहिलो संसदीय चुनाव गरायो। दुईतिहाइभन्दा बढी बहुमत पाएर बीपी पहिलो जननिर्वाचित प्रधानमन्त्री हुनुभयो। सुवर्ण आफैँ तीन-तीन क्षेत्रमा विजयी भए। सुवर्ण प्रमुख निर्वाचन आयुक्त र त्रिभुवन विश्वविद्यालयका प्रथम उपकुलपतिसमेत थिए।'

ती प्राध्यापकको कुरा सुनेर म चकित भएँ। उनी भन्दै थिए, 'वर्षौंदेखि म सुवर्णका बारेमा पढाइरहेको छु।'

मैले भनेँ, 'गुरु तपाईंले त गलत पढाइरहनुभएको रहेछ नि। यी दुवै सुवर्णशमशेर एउटै कालखण्डका ऐतिहासिक जिम्मेवारी वहन गरेका तर अलगअलग व्यक्ति हुन्। एक जना कांग्रेस नेता, चुनाव गराउने सरकारमा प्रमुख, त्रिभुवन विश्वविद्यालयका प्रथम उपकुलपति हुन् भने अर्काचाहिँ प्रमुख निर्वाचन आयुक्त। नेपालमा प्रजातन्त्रको जग बलियो बनाउन दुवै सुवर्णको ऐतिहासिक भूमिका छ। कांग्रेस नेता सुवर्ण भीमशमशेरका सन्तान हुन् भने प्रथम प्रमुख निर्वाचन आयुक्त सुवर्ण वीरशमशेरका सन्तान हुन्।

मैले यति भनेपछि ती प्राध्यापकले भने, 'लौन गुरु, यो कुरा त तपाईंले कहीँ न कहीँ लेखिदिनुपऱ्यो। अहिले सच्याउन सकिएन भने इतिहास मरेर जानेछ। हामीजस्तो मास्टरले गलत पढाइरहनेछौँ।'

भोलिपल्ट एमए प्रथम सेमेस्टरमा पोलिटिकल कम्युनिकेसन पढ्ने विद्यार्थीलाई अनलाइन कक्षामा मैले सोधेँ, 'तिमीहरूले पढिरहेको त्रिभुवन विश्वविद्यालयका पहिलो उपकुलपति को हुन्? भन त।'

धेरैले थाहा नभएको बताए। केहीले कुनै नाम लिए। अनि मैले भनेँ, 'ल गुगल गरेर भन। तिनले पत्ता लगाउनै सकेनन्।'

देशकै ठूलो विश्वविद्यालयमा एमएमा पढ्ने विद्यार्थीले गुगल गर्दासमेत आफ्ना प्रथम उपकुलपतिका बारेमा थाहा नपाउनु र त्यही विश्वविद्यालयका प्राध्यापकले समेत अर्का सुवर्णशमशेरका बारेमा वर्षौंसम्म गलत पढाइरहनु विडम्बना नै हो।

यस घटनाले डेढ वर्षअघि क्यालिफोर्निया युनिभर्सिटी बर्कलेका प्राध्यापक अंगना चटर्जीले भनेको कुरा सम्झायो। हामी स्टान्डफर्ड विश्वविद्यालयको डिजिटल लाइब्रेरी (संसार कै ठूलो)मा थियौँ। त्यहाँ हामीलाई विश्वको डिजिटल नक्सा देखाइयो। तर, भारत र चीनको सीमामा जति जुम गर्दा पनि नेपाल भने देखिएन।

हामीले चकित भएर सोधेका थियौँ, 'खै त हाम्रो देश नेपाल?'

सुरुमा त उनीहरू पनि छक्क परे। पछि प्राध्यापक चटर्जीले भनिन्, 'हेर, यो भौगोलिक नक्सा होइन। प्राज्ञिक नक्सा हो। हाम्रो विश्वविद्यालयको जानकारीमा तिम्रो देशले अध्ययन अनुसन्धानको कामलाई प्राथमिकतामा राखेको भन्ने देखिएन। त्यसैले नेपालको नक्सा यसमा नपरेको हो। तिमीहरू अनुसन्धान गर्दै जाऊ। हामी नेपालको नक्सा समावेश गर्छौं। सुवर्णको प्रसंगले महसुस गराएको छन्, अनुसन्धानका क्षेत्रमा हामी कहाँ रहेछौँ?'

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

| | |
|---|---|
| मेष | स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। सहयोगको तत्परता देखाउनेहरू पछि हट्नेछन्। आफ्नो क्षेत्रमा अरूले हस्तक्षेप गर्न सक्छन्। |
| वृष | स्वास्थ्यका लागि आहार-विहारमा सजग रहनुपर्नेछ। व्यस्तता बढ्नेछ, स्वास्थ्य समस्याले कमजोरी अनुभूति हुनेछ। |
| मिथुन | अरूको विश्वास गर्दा गोपनीयता बाहिरिन सक्छ। अवसरवादीहरूले फाइदा उठाउन सक्छन्। वादविवादले समस्या निम्त्याउन सक्छ। |
| कर्कट | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ। आफ्नै प्रयासले अधिकार स्थापित गर्न सकिनेछ। आर्थिक लाभ हुने काम पनि सम्पादन हुनेछ। |
| सिंह | अस्वस्थताले लक्ष्यअनुसार काममा जुट्न नसकिएला। अप्ठ्यारा परिस्थिति सुल्झाउनमै समय बित्नेछ। सहयोगीहरू पछि हट्नाले नयाँ योजना प्रारम्भ गर्न समस्या पर्नेछ। |
| कन्या | फाइदा मात्र हेर्दा आलोचित भइनेछ। पुरानो सम्झौता नवीकरण नगर्दा आफ्नो लाभांश गुम्न सक्छ। परिस्थितिअनुसार निर्णय लिन नसक्दा काममा पछि परिनेछ। |
| तुला | विभिन्न उपहार प्राप्त हुने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ। |
| वृश्चिक | आत्मविश्वासको कमीले काममा पछि परिनेछ। शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुःख पाइनेछ। खर्च हुने डरले सताउन सक्छ। |
| धनु | पहिलेको सफलताले हौसला जगाउनेछ। आफन्तको सान्निध्य र अभिभावाकको स्नेह प्राप्त हुनेछ। स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। |
| मकर | आफ्नो मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन्। अधिक खर्च हुनेछ र व्यवहार चलाउन पनि कर्जामार्फत धन जुटाउनुपर्ने हुन सक्छ। |
| कुम्भ | नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन्। श्रमको उचित मूल्यांकन हुनेछ। व्यापारमा थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ। |
| मीन | विभिन्न अवसरले पछ्याउनेछन् भने कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। अरूलाई प्रभावित पारेर काम बनाउने समय छ। |

# घरजग्गा व्यवसायीले लाइसेन्स लिनुपर्ने व्यवस्था तत्काल लागू नहुने

**युग संवाददाता**
**काठमाडौं, २१ फागुन ।**

सरकारले घरजग्गा कारोबार गर्ने कम्पनीलाई लाइसेन्स वितरण गरे पनि यो व्यवस्था तत्कालका लागि स्थगित भएको छ। भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार मालपोत ऐन, २०३४ को दफा २६ 'क'अनुसार घरजग्गासम्बन्धी कारोबार गर्न इजाजतपत्र लिनुपर्ने व्यवस्था छ।

सोही व्यवस्थाबमोजिम सरकारले २७ असोजमा राजपत्रमा प्रकाशित सूचना गरी महानगरपालिका र उपमहानगरपालिका क्षेत्रभित्र प्राकृतिक र कानुनी व्यक्ति वा कानुनी व्यक्तिहरूबिच घरजग्गासम्बन्धी कारोबार गर्न इजाजतपत्र लिनुपर्ने व्यवस्था गरेको छ।

लिखत पारित गर्दा महानगरपालिका र उपमहानगरपालिका क्षेत्रभित्रको तीन करोडभन्दा माथिको थैली अंक भएको घरजग्गा कारोबारसम्बन्धी लिखत २५ फागुनदेखि अनिवार्य रूपमा इजाजतपत्रप्राप्त कम्पनी तथा संघ-संस्थामार्फत मात्र गर्ने-गराउने व्यवस्था गरिएको थियो।

तर, मालपोत नियमावली, २०३६ (आठौँ संशोधन २०८२) को नियम २३ 'ठ'मा इजाजतपत्रप्राप्त व्यक्तिले सोही नियमावलीको २३ 'क'बमोजिमको भू-सेवा केन्द्र सञ्चालन गरी भू-सूचना प्रणालीको माध्यमबाट घरजग्गासम्बन्धी कारोबार गर्नुपर्ने कानुनी व्यवस्था छ।

लाइसेन्स पाएका कम्पनीले भू-सेवा केन्द्रको सञ्चालन अनुमति नलिएसम्मका लागि यो व्यवस्थालाई स्थगित गरिएको हो। 'भू-सेवा केन्द्र सञ्चालन गरी भू-सूचना प्रणालीका माध्यमबाट घरजग्गासम्बन्धी कारोबार गर्नुपर्ने कानुनी व्यवस्था भएकाले इजाजतपत्रप्राप्त व्यक्तिले भू-सेवा केन्द्र सञ्चालनको अनुमति नलिएसम्म यसअघि गरिएको परिपत्रको व्यवस्था अर्को आदेश नभएसम्म स्थगित गरिएकाले साबिकबमोजिम नै काम-कारबाही गर्न-गराउनुहुन आदेशानुसार अनुरोध छ,' विभागको सूचनामा उल्लेख छ।

**माघमा खुम्चियो घरजग्गा किनबेच**

पुसको तुलनामा माघमा घरजग्गा कारोबार खुम्चिएको छ। पुसमा देशभरका मालपोत कार्यालयबाट एक लाख ६२ हजार आठ सय ७७ वटा घरजग्गा कारोबार भएकोमा माघमा एक लाख ५३ हजार नौ सय २० वटा कारोबार भएको छ। नामसारी सेवा पुसमा ५१ हजार आठ सय ८८ रहेकोमा घटेर माघमा ५० हजार आठ सय ३७ पुगेको छ।

त्यस्तै, संशोधन पाँच हजार ६ सय ५० बाट घटेर पाँच हजार पाँच सय ५८ कायम भएको छ। हाल साबिक (पुरानो अभिलेख अद्यावधिक) पनि २० हजार ६ सय ५१ बाट घटेर १९ हजार दुई सय ३८ बाट पुगेको छ।

पुसमा रोक्का चार हजार एक सय ४३ रहेकोमा माघमा तीन हजार नौ सय १६ बाट पुगेको छ। फुकुवा ४० हजार आठ सय ३९ बाट घटेर ३५ हजार एक सय ३१ कायम भएको छ। अपार्टमेन्टको लिखत पारित पुसमा ३२ हजार नौ सय ९३ पुगेकोमा माघमा ३२ हजार पाँच सय ३३ पुगेको छ। जग्गा दर्ता भने २० बाट बढेर २९ पुगेको छ। दाखिल खारेज चार सय ४१ बाट बढेर सात सय ९८ पुगेको छ।

## कहिले...

सम्पन्न भएसँगै एकिकृत निर्वाचन सुरक्षा योजना अनुरुप मतपेटिका ढुवानीको कार्य सुरु भएको बताए। कर्णालीका सुगम जिल्लाका मतदानस्थलबाट गएराति नै मतपेटिका जिल्ला सदरमुकाम ढुवानी भइसकेका छन् ।

हिमाली जिल्ला हुम्ला, मुगु र डोल्पाका उत्तरी क्षेत्रका मतदान स्थलबाट मतपेटिका ढुवानी गर्न नेपाली सेनाको हेलिकप्टर तयारी अवस्थामा राखिएको उनले बताए। बिहिबार ति क्षेत्रका मतपेटिका एकिकृत गरिएको र शुक्रबार हेलिकप्टरबाट जिल्ला सदरमुकाम ल्याइने उनले बताए। प्रहरीका अनुसार मतपेटिका संकलन भएपश्चात सर्वदलिय बैठकपछि शुक्रबार बिहानबाट मतगणना सुरु हुनेछ।

हुम्लाका प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले चार मतदान स्थलबाट मतपेटिका ढुवानी गर्न नेपाली सेनाको हेलिकप्टर तयारी अवस्थामा रहेको बताए। उनले मतपेटिका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा प्राप्त भएपश्चात मतगणना सुरु हुने जानकारी दिए। यस्तै, हिमाली जिल्ला डोल्पा र मुगुका मतदान स्थलबाट पनि मतपेटिका ढुवानी गर्न हेलिकप्टर तयारी अवस्थामा राखिएको छ।

# खाडीबाट १७ लाख नेपाली ओसार्न स्वदेशी वायुसेवालाई लाग्छ १९ महिना

**युग संवाददाता**
**काठमाडौं, २१ फागुन ।**

इजरायल-अमेरिका र इरानबीच बढ्दो हवाई आक्रमण तथा प्रत्याक्रमणले पश्चिम एसिया तनावग्रस्त बनेको छ। इरानले अमेरिकी सैन्य बेस लक्षित गरी आक्रमण गरिरहेको अवस्थामा खाडी तथा वरपरका मुलुकमा रहेका १७ लाख २९ हजार नेपालीको सुरक्षाप्रति चासो र चिन्ता बढेको छ।

परराष्ट्र मन्त्रालयका अनुसार यूएई, साउदी अरेबिया, कतार, कुवेत, इराक, बहराइन, ओमान, साइप्रस, इजरायल, लेबनान, इजिप्ट र इरानमा १७ लाख २९ हजार २८८ नेपाली छन्। जसमा श्रम स्वीकृति नलिई गएका तथा कागजातविहिन भएकाहरूको संख्या जोडिएको छैन। यो संख्या पनि लाखौंमा हुनसक्छ। यदि युद्ध चर्कियो र ती देशहरू प्रत्यक्ष प्रभावमा परे, एकै पटक यति ठूलो संख्यामा उद्धार सम्भव हुन्छ कि हुँदैन भन्ने प्रश्न उठेको छ।

**नेपालको क्षमता कति ?**

नेपालबाट तीन वायुसेवा कम्पनी (नेपाल एयरलाइन्स, हिमालय एयरलाइन्स र बुद्ध एयर) ले अन्तर्राष्ट्रिय उडान गर्छन्। तीमध्ये नेपाल एयरलाइन्स र हिमालयसँग मात्र खाडी मुलुकसम्म सिधा उडान गर्न सक्ने क्षमता छ। यी दुई कम्पनीसँग अन्तर्राष्ट्रिय उडानका चार/चार जहाज छन्।

तीमध्ये नेपाल एयरलाइन्ससँग दुई न्यारोबडी र दुई वाइडबडी जहाज छन्। हिमालयसँग सबै न्यारोबडी जहाज छन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको तथ्यांक अनुसार नेपाल एयरलाइन्सले जनवरी २०२६ मा ५४ हजार ३९८ यात्रु बोकेको छ।

हिमालयले एक महिनामा ३५ हजार ५४ यात्रुलाई सेवा दिएको छ। अर्थात यी दुई स्वदेशी वायुसेवा कम्पनीसँग महिनामा ८९ हजार यात्रुलाई मात्र सेवा दिन सक्ने क्षमता छ। जनवरीको तथ्यांकलाई आधार मान्ने हो भने सरकारले खाडी मुलुकमा रहेका १७ लाख २९ हजार नेपालीलाई ल्याउन स्वदेशी जहाज प्रयोग गर्नुपर्ने भयो भने क्षमताले १९ महिना भन्दा बढी महिना लाग्ने देखिन्छ।

हाल नेपालबाट स्वदेशीबाहेक अन्य २७ वटा एयरलाइन्सले समेत सेवा प्रदान गर्दै आएका छन्।

**दूतावासविना उद्धार सम्भव छैन : एनआरएनए**

युद्धरत देशहरूमा रहेका नेपालीहरूको सुरक्षा, सरकारसँग समन्वय तथा सहकार्यका लागि गैरआवासीय नेपाली संघ (एनआरएनए) को महत्त्वपूर्ण भूमिका रहँदै आएको छ। कोभिडको समय होस्, वा भूकम्पको बेला होस्, एनआरएनएले महत्त्वपूर्ण भूमिका निवार्ह गर्दै आएको छ।

एनआरएनको भूमिकालाई नेपाल सरकारले समेत महत्त्वपूर्ण मान्दै आएको छ। अहिले युद्ध चर्किदै गयो भने सरकारले एनआरएनए मार्फत समेत नेपालीलाई राहत तथा उद्धारका लागि सहयोग माग्न सक्ने छ। त्यसका लागि एनआरएनए र परराष्ट्रमन्त्रीबीच भेटघाट समेत भएको छ।



एनआरएनएले समेत उनीहरूको सुरक्षा, उद्धार तथा राहतका विषयमा सरकारको ध्यानाकर्षण गराएको छ। एनआरएनए मध्यपूर्व संयोजक रमेश श्रेष्ठले उद्धार कार्य दूतावास र नेपाल सरकारसँगको समन्वयविना सम्भव नभएको बताए।

'परिस्थिति जटिल बन्दै गयो भने दूतावास र सरकारसँग समन्वयमा रिपाट्रिएसन फ्लाइटमार्फत उद्धार गर्न सकिन्छ,' उनले भने, 'सबैको सहकार्यमा मात्रै सम्भव हुन्छ।'

एनआरएनए कुवेतका अध्यक्ष दिलकुमार पाख्रिनले अहिलेको अवस्थामा अन्तर्राष्ट्रिय विमानस्थलहरू बन्द रहेकाले तत्काल उद्धार व्यावहारिक नदेखिएको बताए।

'एयरपोर्ट नै नखुलेपछि तत्काल नेपाल लैजान सम्भव हुँदैन। अहिलेको मुख्य उपाय भनेको जहाँ छौं त्यहीं सुरक्षित बस्ने र सम्बन्धित देशको कानुन पालना गर्ने हो,' उनले भने।

**अहिले तयारी गर्नुपर्ने समय हो : विज्ञ**

श्रम तथा आप्रवासन विज्ञ डा. जीवन बानियाँले नेपालले विगतका द्वन्दबाट पाठ सिकेर अग्रिम तयारी गर्नुपर्ने बताए। पहिलो आवश्यकता अद्यावधिक तथ्यांक रहेको बताउँदै त्यसका लागि कुन देश, कुन सहर र कुन कार्यस्थलमा कति नेपाली छन् भन्ने स्पष्ट विवरण राज्यसँग हुनुपर्ने बताए। सही तथ्यांक र सम्पर्क विवरण नै नभएको खण्डमा संकटका बेला समन्वय गर्न नसकिने उनको भनाइ छ।

संकटकालमा अफवाहभन्दा सही सूचना महत्त्वपूर्ण हुने भन्दै उनले नेपाली मात्र होइन, मैथिली र भोजपुरीजस्ता भाषामा समेत सूचना दिनुपर्ने बताए। उद्धारको अवस्था आयो भने कूटनीतिक पहल, अन्तर्राष्ट्रिय उडान व्यवस्थापन र तेस्रो मुलुकको सहयोग आवश्यक पर्ने उनले औंल्याए। 'नेपालसँग एकैचोटि ठूलो संख्यामा उद्धार गर्ने जहाज क्षमता छैन। विगतमा जस्तै भारत, बंगलादेश लगायत देशको सहयोग लिन सकिन्छ,' उनले भने।

साथै वैदेशिक रोजगार बोर्डको कल्याणकारी कोष प्रयोग गरी टिकट विस्तार, आवास वा आपतकालीन सहयोग गर्न सकिने उनको सुझाव छ।

अर्का श्रम तथा आप्रवासन विज्ञ रामेश्वर नेपालले युद्ध चर्किएर ठूलो संख्यामा उद्धार गर्नुपरे नेपालको आफ्नै क्षमताले सबैलाई फिर्ता ल्याउन सक्ने अवस्था नरहेको बताए। नेपालसँग सीमित जहाज मात्र रहेकाले ती विमानले लाखौंलाई उद्धार गर्न सम्भव नहुने बताए। भारतसँग जस्तो ठूलो फ्लाइट नेपालसँग नभएको बताउँदै उनले ठूलो संख्यामा उद्धार गर्नुपर्ने अवस्था आएको खण्डमा अन्य देशको समेत सहयोग लिनुपर्ने बताए।

अहिलेको प्राथमिक काम कति जनालाई उद्धार गर्नुपर्ने हो भन्ने यथार्थ अनुमान गर्नु र आफ्नो क्षमताको म्यापिङ गर्नु रहेको उनको भनाइ छ। अनलाइन सूचीकरण सहज बनाउनुपर्ने र गर्भवती, बिरामीलगायत जोखिम समूहलाई प्राथमिकता दिनुपर्ने उनले बताए।

नेपालले गन्तव्य देशहरूसँग पनि जवाफदेहिता माग्न सक्ने उनको भनाइ छ। 'ती देश निर्माण गर्न नेपाली श्रमिकले योगदान दिएका छन्। संकटको बेला सुरक्षाको दायित्व उनीहरूको पनि हुन्छ,' उनले भने। अघिल्ला अनुभवमा भारतले महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै उनले भविष्यमा पनि त्यस्तै सहकार्य खोज्नुपर्ने बताए। प्रत्यक्ष रूपमा युद्धमा संलग्न नभएका देशहरूले सहयोगी उडान उपलब्ध गराउन सक्ने र त्यसका लागि सरकारले अहिलेदेखि नै तयारी गर्नुपर्ने उनको भनाइ छ।

उद्धारका लागि वैदेशिक रोजगार कल्याणकारी कोष प्रयोग गर्न सकिने र राज्यले पनि प्रत्यक्ष योगदान गर्नुपर्ने उनको धारणा छ। साथै गन्तव्य देश र मित्रराष्ट्रसँग सहयोग खोज्नु अनिवार्य हुने उनले बताए। उनले युद्ध व्यापक नभए ठूलो संख्यामा फर्किनुपर्ने अवस्था नआओस् भन्ने आशा व्यक्त गरे। परिस्थिति जटिल भए नेपालको व्यवस्थापन क्षमतामाथि ठूलो दबाब पर्ने विज्ञले चेतावनी दिएका छन्।

**सरकारको तयारी : 'इमर्जेन्सी रेस्पोन्स टिम' गठन**

इरान र इजरायल-अमेरिकाबीचको युद्धलाई नजिकबाट नियाली रहेको नेपाल सरकारले ती देशमा रहेका नेपालीको सुरक्षालाई उच्च प्राथमिकतामा राखेको जनाएको छ।

परराष्ट्र मन्त्रालयले मंगलबार आयोजना गरेको पत्रकार सम्मेलनमा परराष्ट्र मन्त्रालयका प्रवक्ता लोक बहादुर पौडेल क्षेत्रीले पश्चिम एसिया क्षेत्रमा विकसित पछिल्लो परिस्थितिपछि त्यहाँ रहेका लाखौं नेपाली नागरिकको सुरक्षा र सम्भावित उद्धारका लागि सरकारले 'र्‍यापिड एक्सन टिम' गठन गरी काम सुरु गरेको बताए।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले समेत स्थिति जटिल बनेमा उद्धार योजना तयार गर्ने काम भइरहेको बताए। ' अहिलेको संख्यालाई हवाई माध्यमबाट एकैपटक उद्धार गर्नु कठिन र अव्यावहारिक छ,' उनले भने, 'परिस्थितिले निर्धारण गरेअनुसार विकल्पहरू खोज्छौं।'

परराष्ट्र मन्त्रालयका सहसचिव रामकाजी खड्काका अनुसार परराष्ट्र सचिवको संयोजकत्वमा ' इमर्जेन्सी रेस्पोन्स टिम' गठन गरिएको छ। उक्त टिममा गृह, अर्थ, कानुन, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, शिक्षा, श्रम मन्त्रालय, वैदेशिक रोजगार विभाग, अध्यागमन विभाग, कन्सुलर सेवा विभाग र नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रतिनिधि सहभागी छन्।

पश्चिम एसियास्थित १० नेपाली नियोगहरू तेलअविव, दोहा, रियाद, आबुधाबी, मनामा, कुवेत सिटी, मस्कट, कायरो, जेद्दा र दुबईस्थित महावाणिज्य दूतावासबाट नियमित 'सिचुएसन एनालाइसिस रिपोर्ट' पठाउन निर्देशन दिइएको र सोही आधारमा कदम चालिने मन्त्रालयले जनाएको छ।

**'१७ लाख ल्याउन ३ वर्ष लाग्न सक्छ' : व्यवसायी**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष राजेन्द्र भण्डारीले नेपालको हवाई क्षमता हेर्दा १७ लाख नेपालीलाई छिटो उद्धार गर्नु असम्भवजस्तै छ।

'दिनदिनै पर्याप्त उडान गर्न सकिँदैन। विमानलाई समेत जोखिम हुन सक्छ,' उनले भने। उनका अनुसार मुख्य जोड कूटनीतिक पहलमार्फत युद्धविराम र शान्ति स्थापनामा हुनुपर्छ। 'रेस्क्यु अन्तिम विकल्प हो, पहिलो प्राथमिकता युद्ध रोकिनु हो,' उनले जोड दिए।

सरकार, एनआरएनए, विज्ञ र व्यवसायी सबैले एकैचोटि १७ लाख नेपालीलाई हवाई माध्यमबाट उद्धार गर्नु व्यवहारिक हुन नसक्ने बताएका छन्। अहिलेको प्राथमिकता भनेको अद्यावधिक तथ्यांक संकलन गर्नु, नियोगमार्फत नियमित सूचना प्रवाह गर्नु, लियाजो अफिसर र आपतकालीन समन्वय संयन्त्र सक्रिय पार्ने, आवश्यक परे सेफ हाउस र राहत कोष परिचालन गर्ने रहेको छ।

युद्ध व्यापक बन्यो भने मात्र चरणबद्ध उद्धार, तेस्रो मुलुकको सहयोग र बहुपक्षीय कूटनीतिक पहलमार्फत समाधान खोज्नुपर्ने विज्ञहरूको भनाइ छ।

# विज्ञ भन्छन्- पपुलिज्म हावी हुन्छ, पार्टीहरू झनै व्यक्तिकेन्द्रित हुनेवाला छन्

**युग संवाददाता**
**काठमाण्डौ, २१ फागुन ।**

२१ फागुनमा भएको चुनाव नियमित नभएर नै यसले दिने कार्यादेश कस्तो होला भनेर चासो र चिन्ता छ। नियमित अवस्थामा २०८४ सालमा प्रतिनिधिसभाको चुनाव हुनुपर्ने हो। तर, गत २३ र २४ भदौमा भएको जेन-जी विद्रोहपछि २०८२ सालमै प्रतिनिधिसभाको चुनाव भएको छ।

विशेष गरी २०६२/६३ को आन्दोलनपश्चात् २०६४ सालको संविधानसभाको चुनावपछि बनेको सरकारले संविधान निर्माण गर्न असफल हुँदा २०७० सालमा दोस्रो संविधानसभाको चुनाव भयो। त्यसपछि बनेको सरकारले २०७२ सालमा नयाँ संविधान जारी गर्न सफल भयो। २०७४ र २०७९ सालमा भएका स्थानीय तह, प्रदेश र संघीय चुनावले संघीयताको अभ्यास अझै गरिसकेको छैन।

अनियमित चुनावले नियमित कामलाई संस्थागत गर्न खेल्ने भूमिकाले अबको कार्यादेश र गन्तव्यमा पुग्ने बाटो तय गर्छ। त्यसका लागि प्रतिनिधिसभाले आफ्नो विधायकी भूमिका बलियो पार्नुपर्नेछ। राजनीतिशास्त्री डा. सञ्जीव हुमागाईं पपुलिज्मको उदयले अबका दुई/चार वर्ष राजनीति झनै गाह्रो हुने बताउँछन्। 'चुनाव अन्तिम निष्कर्ष होइन। मै जान्ने हुँ, मैले भनेको मान्ने हो। मैले भनेको मानेपछि देश बन्छ भनेको पपुलिज्म हो,' उनले शिलापत्रसँग भने, '१८ देखि २०औं शताब्दीसम्म मैले भनेपछि देश बन्छ भन्ने थियो र कोरिया, ताइवानजस्ता देश बनेका थिए। तर ती देशमा सिस्टम बसेको हो। हाम्रोमा त्यस्तो नभएकाले लोकतन्त्रको व्याख्या भइरहन्छ।'

अब संघीयताको मोडालिटीको ध्रुवीकरण हुने हुमागाईंले बताए। प्रदेश प्रमुख कसरी छनोट गर्ने ? प्रदेशसभा राख्ने कि नराख्ने ? यसको प्रभावकारिता के गरी गर्ने भन्ने विषयमा ध्रुवीकरण बढ्ने उनले बताए। 'पहिचानको मुद्दा केन्द्रबाट समाधान गर्न नसकिने रहेछ, भोगोलिक समस्याहरू रहेछन्, त्यसलाई समाधान गर्न प्रदेश बनाइएको हो। त्यसका बारेमा कुरा हुने छैन,' उनले भने, 'तत्कालीन बागमती अञ्चलवरिपरि सीमित रहेको आर्थिक गतिविधिलाई विकेन्द्रीकरण गर्नुपर्छ। सीमित भूगोलमा आर्थिक संकट आउँदा देशभर संकट आउँछ भनेर आर्थिक गतिविधिको विकेन्द्रीकरण गरौं भनेर संघीयताको अभ्यास गरेका हौं। यी मुद्दा नआउने भए।'

लोकतान्त्रिक हुँ भनेर पपुलिज्मलाई प्राथमिकता दिने काममा राजनीतिक नेतृत्व अघि बढ्ने विश्लेषण हुमागाईंको छ। 'पपुलिज्म झनै हावी हुन्छ। पार्टीहरू झनै व्यक्तिकेन्द्रित हुन्छन्। संसदीय दलको नेतालाई झनै महत्त्व दिइन्छ। प्रधानमन्त्रीले मैले भनेको मानेनन्, मैले भनेको मानेको भए राम्रो हुन्थ्यो भन्ने भाष्यलाई बढावा दिन्छन्। नयाँ चुनावबाट तात्त्विक भिन्नता हुँदैन,' उनले भने।

## कर्णालीमा...

निर्वाचन सम्पन्न भएसँगै मतगणनाको कार्य सुरु भएको छ। कर्णाली प्रदेश निर्वाचन कार्यालय सुर्खेतका अनुसार प्रदेशभर ५५ दशमलव एक प्रतिशत अर्थात कुल १० लाख ४८ हजार एक ३८ मतदाता मध्ये पाँच लाख ७७ हजार पाँच सय ४२ जनाले भोट हालेका छन्। प्रदेश निर्वाचन अधिकारी लालबहादुर गुरुङका अनुसार महिला तीन लाख १२ हजार आठ सय ४५ र पुरुष दुई लाख ६४ हजार ६ सय ९५ छन्। प्रदेशभर नौ सय ४१ मतदान स्थल र एक हजार ४३७ मतदान केन्द्र गरी कुल दुई हजार तीन सय ७८ निर्वाचन बुथ केन्द्रमार्फत मतदान भएको थियो।

जिल्लागत रूपमा हेर्दा डोल्पामा सबैभन्दा बढी ६५ दशमलव ७३ प्रतिशत मत खसेको छ। यस्तै, हुम्लामा ६४ दशमलव ५५ प्रतिशत, मुगुमा ६० दशमलव ५६ प्रतिशत र रुकुम पश्चिममा ५८ दशमलव ४४ प्रतिशत मत खसेको छ। भने जाजरकोटमा ५६ दशमलव ८४ प्रतिशत, जुम्लामा ५६.८८ प्रतिशत मत खसेको छ।

त्यस्तै सुर्खेतमा निर्वाचन क्षेत्र १ बाट ५७ दशमलव नौ र निर्वाचन क्षेत्र २ बाट ५७ दशमलव ४६ प्रतिशत मतदान भएको छ। अन्य जिल्लामा भने तुलनात्मक रूपमा कम मतदान भएको देखिएको छ। दैलेख निर्वाचन क्षेत्र १ बाट ५० दशमलव ५२ प्रतिशत र निर्वाचन क्षेत्र २ बाट ४८ दशमलव २४ प्रतिशत मत खसेको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ।

त्यस्तै, कालिकोटमा ५० प्रतिशत र सल्यानमा ४४ दशमलव ४० प्रतिशत मत खसेको तथ्यांकमा उल्लेख छ। निर्वाचन कार्यालयका अनुसार सबै स्थानमा मतदान शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ। दुर्गम जिल्लाहरूमा समेत सुरक्षा व्यवस्था मिलाइएपछि मतदाताले उत्साहका साथ मतदानमा सहभागिता जनाएका थिए। मतदान सम्पन्न भएसँगै अब मतपेटिका संकलन तथा मतगणनाको तयारी सुरु गरिएको प्रदेश निर्वाचन अधिकारी गुरुङले बताए।

यस पटकको निर्वाचनमा मतदाताहरु कम उत्साह र बढी उत्सुकताका साथ मतदानमा सहभागी भएका छन्। मतदान अवधिभर सुर्खेत-२ का दर्जन बढी मतदान स्थलमा गरिएको स्थलगत रिपोटिङ्गका क्रममा मतपेटिकामा भोट खसालेर फर्किएकाहरु उत्साहितभन्दा पनि भोलि के हुन्छ भन्ने उत्सुकतामा बढी देखिन्थें। उनीहरुले विगतमा पनि भोट हालेको सुनाए। तर देशमा विकास भएको तर सुशासन कायम नभएकाले यसपटक पनि ठुलै परिवर्तन हुनेमा मतदाता आश्वस्त देखिएका छैनन्।

**निर्वाचन आयोगले भन्यो '६० प्रतिशत मत खस्यो'**

प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ मा करिब ६० प्रतिशत मत खसेको प्रारम्भिक विवरण प्राप्त भएको निर्वाचन आयोगले जनाएको छ। बिहीबार साँझ आयोजित पत्रकार सम्मेलनमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले देशभरबाट आएको प्रारम्भिक सूचनाअनुसार करिब ६० प्रतिशत मतदान भएको जानकारी दिए। उनका अनुसार मतदान प्रक्रिया समग्रमा शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ।

भण्डारीले सबै मतदान केन्द्रबाट मतपेटिका संकलन गरी सम्बन्धित स्थानमा पुर्‍याउने कार्य भइरहेको र आवश्यक प्रक्रिया पूरा भएपछि मतगणना सुरु गरिने बताए। निर्वाचन आयोगका अनुसार विभिन्न जिल्लाबाट मतपेटिका संकलनको काम जारी रहेको छ।

मतपेटिका सुरक्षित रूपमा संकलन भएपछि निर्धारित प्रक्रियाअनुसार मतगणना प्रारम्भ गरिने आयोगले जनाएको छ। यस पटकको निर्वाचनमा देशभरका मतदान केन्द्रमा सुरक्षा व्यवस्था कडा पारिएको थियो। आयोगले निर्वाचन प्रक्रिया व्यवस्थित र शान्तिपूर्ण रूपमा सम्पन्न गराउन सुरक्षा निकाय, कर्मचारी तथा मतदातालाई धन्यवाद पनि दिएको छ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

नवपुस्ताका मतदाता भन्छन्:

# 'हाम्रो भविष्यसँग फेरि खेलबाड नहोस्'

**युग संवाददाता**
**काठमाडौँ, २१ फागुन ।**

निर्वाचनमा यस पटक नयाँपुस्ता अर्थात् 'जेनजी' मतदाताको उत्साह उल्लेख्य देखिएको छ। पहिलोपटक मतदान गर्ने वा विदेशबाट फर्किएर मतदानमा सहभागी हुने युवाहरूले आफ्नो मतलाई देशको भविष्यसँग जोडेर हेरेका छन् ।

तीन वर्षदेखि अध्ययनका लागि क्यानडामा बस्दै आउनुभएकी २५ वर्षीया सुजानी श्रेष्ठ यस पटकको निर्वाचनमा सहभागी हुन नेपाल फर्किए। डिल्लीबजारस्थित पद्मकन्या विद्याश्रममा मतदान गरेपछि संवाद गर्दै उनले मतदान गर्न पाउँदा यत्साहित भएको प्रतिक्रिया दिए।



उच्च शिक्षा र रोजगारीका लागि विदेशिनुपर्ने बाध्यताको अन्त्य र पारदर्शिता आगामी सरकारको प्राथमिकता हुनुपर्नेमा श्रेष्ठले जोड दिए। "यस पटक जसरी पनि मतदान गर्नुपर्छ भनेर म क्यानडाबाट भर्खरै नेपाल फर्किएको हुँ", उनले भने, "अब बन्ने सरकारको पहिलो प्राथमिकतामा पारदर्शिता, सुशासन पर्नुपर्छ। हाम्रो देशमा भ्रष्टाचार बढी हुनाले युवाहरू विदेशिन बाध्य छन्। देशभित्रै गुणस्तरीय शिक्षा र रोजगारीको अवसर सृजना भएमा अधिकांश युवा स्वदेशमा बस्नेछन्। अब बन्ने सरकारले यी विषयलाई प्राथमिकतामा राखोस् भन्ने आशा छ।"

मैतीदेवी घट्टेकुलो निवासी श्रेष्ठले यसअघिको निर्वाचनमा पनि मतदान गरिसक्नुभएको छ। तर यस पटकको अनुभवमा आफू बढी उत्साहित र आशावादी रहेको बताए। श्रेष्ठले यस पटक परिवारभित्रै पनि फरकफरक राजनीतिक धारणा देखिएको उल्लेख गरे। "हामीले लामो समयसम्म परिवारभित्रै दल र उम्मेदवारका एजेण्डाबारे छलफल गर्‍यौं। मैले मतदानमा स्वविवेक प्रयोग गरेको छु", उनले भने।

पहिलो पटक निर्वाचनमा सहभागी भई मतदान गर्नुभएका १९ वर्षीया सार्थक सङ्ग्रौलाले आफू मतदान गर्न पाउँदा उत्साहित हुनुका साथै आफूलाई थप जिम्मेवार बनाएको धारणा राखे। काठमाडौँ निर्वाचन क्षेत्र नं १ को मध्यबानेश्वरस्थित रत्नराज्य माध्यमिक विद्यालयमा मतदान गरिसकेपछि अनुभव सुनाउँदै उनले भने, "पहिलोपटक भोट हाल्दा केही अफ्ठयारो लागेको थियो, कसलाई भोट हाल्ने भन्ने अन्योल पनि थियो" उनले भने, "मेरो मतको कदर हुन्छ, देशका लागि राम्रो हुन्छ भन्ने अपेक्षा छ।" उनले बाबुआमासँग छलफल गरे पनि अन्तिम निर्णय भने आफ्नै विवेकबाट गरेको बताए।

त्यस्तै, २६ वर्षीय मन्जुल पराजुली पनि पहिलोपटक मतदान गर्दा निकै उत्साहित देखिनुभयो। "अनुहारमा देखिन्छ होला, म एकदम उत्साहित छु", उनले हाँस्दै भने। उनको अपेक्षा छ, अब देशमा राजनीतिक स्थिरता कायम हुन्छ। "पछिल्ला राजनीतिक घटनाक्रमका घाउ अझै ताजा छन्। अब निर्वाचित नेतृत्वले पाठ सिकेर देशलाई स्थिरता दिनुपर्छ" उनले भने।

पराजुलीले युवापुस्ताका जायज माग पूरा हुनुपर्नेमा जोड दिनुभयो। सोही मतदानकेन्द्रमा मतदान गर्नुभएका २४ वर्षीया आकृति सापकोटाले पनि यस पटकको निर्वाचनप्रति आशावादी रहेको बताए। "यस पटकका उम्मेदवार सक्षम देखिन्छन्। के सही र के गलत भन्ने अनुभव पनि सबैले गरिसकेका छन्", उनले भने, "पहिले जे भयो त्यही फेरि नदोहोरियोस्, हाम्रो भविष्य राम्रो बनोस् भन्ने चाहना छ।" उनको यो दोस्रो मतदानको अनुभव हो। पहिलोपटक मतदान गर्दा परिवारको सल्लाहमा निर्णय गरेको भए पनि यस पटक भने दलका एजेण्डा अध्ययन गरेर आफूले निर्णय गरेको उनको भनाइ छ।

## कुन जिल्लामा...

निर्वाचन क्षेत्र १ का कुल मतादाता ८१ हजार दुई सय ८७ रहेकोमा कुल खसेको मत ४१ हजार ६९ रहेको छ। भने दैलेख निर्वाचन क्षेत्र २ का कुल मतादाता संख्या ८१ हजार पाँच सय तीन रहेकोमा कुल खसेको मत ३९ हजार दुई सय ३१ छ।

त्यस्तै, डोल्पामा २५ हजार पाँच मतादाता संख्या रहेकोमा कुल खसेको मत १६ हजार चार सय ३७ छ। रुकुम पश्चिममा एक लाख सात हजार सात सय ४८ मतादाता संख्या रहेकोमा कुल खसेको मत ६२ हजार नौ सय ६८ छ। कालिकोटमा ८५ हजार ४४ मतादाता संख्या रहेकोमा कुल खसेको मत ४२ हजार पाँच सय २३ रहेको छ।

यता जुम्लामा ७२ हजार चार सय ४४ मतादाता संख्या रहेकोमा कुल खसेको मत ४१ हजार दुई सय आठ छ। मुगुमा ३६ हजार ६ सय पाँच मतादाता संख्या रहेकोमा कुल खसेको मत २२ हजार एक सय ६८ छ। सबैभन्दा धेरै प्रतिशत मत खसेको हुम्लामा ३४ हजार आठ सय पाँच मतादाता संख्या रहेकोमा कुल खसेको मत २२ हजार चार सय ६७ छ।

## सुर्खेतमा...

४८ हजार ९४३ मतदाता थिए। जिल्लामा शान्तिपूर्ण रूपमा मतदान भएको छ।

दुई निर्वाचन क्षेत्र रहेको सुर्खेतमा दुई अस्थायीसहित २ सय ४२ मतदानस्थल छन् भने ३ अस्थायीसहित ३ सय ५ मतदान केन्द्र छन् । मतदान सम्पन्न पछि जिल्लामा मतपेटिका ढुवानीको कार्य चलिरहेको छ। कर्णाली प्रदेशभर अहिलेसम्म करिब ५२ प्रतिशत मत खसेको छ।

**तनाव व्यवस्थापनका तरिका**

- नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं।
- परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं।
- पर्याप्त निन्द्रा र आराम गरौं।
- स्वस्थ र सन्तुलित खाना खाने गरौं।
- आफ्नो रुचिका गतिविधिमा संलग्न हुने गरौं।
- काम र विश्रामबीचको सन्तुलन राख्ने गरौं।

**तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# २०४८ देखि ०८२ को निर्वाचनसम्म कति प्रतिशत खस्यो मत ?

**युग संवाददाता**
**काठमाडौँ, २१ फागुन ।**

बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा ६० प्रतिशत मत खसेको निर्वाचन आयोगले जनाएको छ। बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म भएको निर्वाचनमा अघिल्ला निर्वाचनको तुलनामा थोरै मत खसेको हो। भदौमा भएको जेनजी आन्दोलनका कारण प्रतिनिधिसभा विघटन भएपछि ताजा जनादेशका लागि यो निर्वाचन भएको थियो।

आयोगका अनुसार केही ठाउँमा सामान्य छिटफुट घटना बाहेक देशभर शान्तिपूर्ण मतदान भएको छ। गणतन्त्र स्थापनापछिको १८ वर्षमा दुईवटा संविधानसभा र दुईवटा संघीय प्रतिनिधिसभा निर्वाचन भइसकेको छ। २०४६ सालको राजनीतिक परिवर्तनपछि २०४८, २०५१ र २०५६ सालमा संसदीय निर्वाचन भएको थियो। ती निर्वाचनमध्ये सबैभन्दा बढी मत २०७० सालको संविधानसभा निर्वाचनमा खसेको आयोगको तथ्यांकले देखाएको छ।

**कुल मतदाता संख्या**
आम निर्वाचन, २०४८ : १ करोड ११ लाख ९१ हजार ७७७
आम निर्वाचन, २०५१ : १ करोड २३ लाख २७ हजार ३२९
आम निर्वाचन, २०५६ : १ करोड ३५ लाख १८ हजार ८३९

**खसेको मत संख्या र प्रतिशत**
आम निर्वाचन, २०४८ : ७२ लाख ९१ हजार ८४ (६५.१५%)
आम निर्वाचन, २०५१ : ७६ लाख २५ हजार ३४८ (६१.८६%)
आम निर्वाचन, २०५६ : ८८ हजार ९४ हजार ५६६ (६५.७९%)

**सदर मत र प्रतिशत**
आम निर्वाचन, २०४८ : ६९ लाख ६९ हजार ६१ (९५.५८%)
आम निर्वाचन, २०५१ : ७३ लाख ८४ हजार २७७ (९६.८४%)
आम निर्वाचन, २०५६ : ८६ लाख ४९ हजार ६६४ (९७.२५%)
बदर मत प्रतिशत क्रमशः ४.४२%, ३.१६% र २.७५%

**संविधानसभा निर्वाचन–२०६४**

पहिलो संविधानसभा निर्वाचनमा कुल मतदाता एक करोड ७६ लाख ११ हजार ८३२ रहेकोमा कुल एक करोड ८ लाख ६६ हजार १३१ मत खसेको थियो। त्यसमध्ये एक करोड ३ लाख ६ हजार १२० मत सदर भएको थियो। पाँच लाख ६० हजार ११ मत बदर भएको थियो। समग्रमा ६१.६९ प्रतिशत मत खसेको थियो।

समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा कुल एक करोड ११ लाख ४६ हजार ५४० मत खसेको थियो। त्यसमध्ये एक करोड ७ लाख ३९ हजार ७८ (९६.३४ प्रतिशत) मत सदर भएको थियो।

त्यतिबेला अस्थायी मतदाताको व्यवस्था थियो। सरकारी कार्यालय, स्थानीय निकाय, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्थानमा कार्यरत कर्मचारी, सैनिक, प्रहरी ब्यारेकमा रहेका, माओवादी शिविरमा रहेका लडाकु, कारागारमा रहेका कैदी, बन्दी, निर्वाचन केन्द्रमा खटिएका कर्मचारीलाई अस्थायी मताधिकारको व्यवस्था मिलाइएको थियो। संविधानसभा सदस्य निर्वाचनका लागि ४ लाख १३ हजार ५४४ अस्थायी मतदाता थिए।

**संविधानसभा निर्वाचन–२०७०**

दोस्रो संविधानसभा सदस्य निर्वाचनमा एक करोड २१ लाख ४७ कुल मतदता रहेका थिए। तीमध्ये प्रत्यक्षतर्फ ९० लाख ४४ हजार ९०८ अर्थात् ७४.४६ प्रतिशत मत खसेको थियो। समानुपातिकतर्फ ९४ लाख ६३ हजार ८६२ मत खसेको थियो।

**प्रतिनिधिसभा निर्वाचन–२०७४**

नयाँ संविधान जारी भएपछि २०७४ सालमा भएको प्रतिनिधिसभा निर्वाचनमा कुल मतदाता एक करोड ५४ लाख २८ हजार १६० रहेकोमा कुल सदर मत एक करोड पाँच लाख ८१ हजार ६८७ थियो। त्यतिबेला कुल बदर मत चार लाख ५० हजार ४८४ थियो। त्यस निर्वाचनमा कुल प्रतिशत मत ६८.५९ रहेको थियो।

यसैगरी समानुपातिकतर्फ कुल सदर मत एक करोड पाँच लाख ५० हजार ५२० रहेकोमा बदर मत १५ लाख ३१ हजार २२३ थियो। कुल ६८.३८ प्रतिशत मत खसेको थियो।

**प्रतिनिधिसभा निर्वाचन–२०७९**

अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा कुल मतदाता एक करोड ७९ लाख ८८ हजार ५७० थिए। जम्मा खसेको मत एक करोड ५६ लाख ६७ अर्थात् ५८.७ प्रतिशत मत खसेको थियो। संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाअघि भएको तीनवटा संसदीय निर्वाचनमा ६५ प्रतिशतमाथि मत खसेको थियो। २०७० सालमा सबैभन्दा मत खसेको थियो।

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)




**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।